लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका ( देउखुरी) दाङ, नेपाल

प.सं :- २०८०/८१
च.नं :-

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०।१२।२२)

**श्री लुम्विनी प्रदेशभित्र विज्ञान विषय सञ्चालन गरेका सामुदायिक क्याम्पसहरु सवै**
**श्री लुम्विनी प्रदेशभित्र विज्ञान विषय सञ्चालन गरेका आङ्गिक क्याम्पसहरु सवै**

**विषय : विज्ञान विषयमा उच्च शिक्षा अध्ययनरत छात्राहरुका लागि छात्रवृत्ति सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस कार्यालयको आ. व. २०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस लुम्बिनी प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पस तथा विश्वविद्यालयका आङ्गिक क्याम्पसहरुमा स्नातक/स्नातकोत्तर तहमा विज्ञान विषय अध्ययनरत छात्राहरुका लागि छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्वन्धित क्याम्पसहरुले सूचना प्रवाह गरी विद्यार्थीहरुबाट यो सूचना जारी भएको मितिले २१ दिन भित्र निवेदन संकलन गरि प्राप्त निवेदन र देहायका कागजात रुजु एवं प्रमाणित गरि एक मुष्ट विवरण निवेदन दिने समयावधि समाप्त भएको मितिले ५ दिनभित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा आइपुग्ने गरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

पेश गर्नुपर्ने कागजातहरु

१. विद्यार्थीको निवेदन पत्र
२. अन्य कुनै क्षेत्रवाट छात्रवृत्ति नपाएको व्यहोराको क्याम्पसको पत्र
३. स्नातक/स्नातकोत्तर तहमा विज्ञान विषयमा कम्तिमा ७० प्रतिशत हाजिरी भई नियमितरुपमा अध्ययनरत रहेको व्यहोराको क्याम्पसको सिफारिस
४. उमेरको हद ३० वर्ष ननाघेको हुनुपर्ने/नागरिकताको प्रमाणपत्र
५. विद्यार्थीको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको फोटोकपी)

यम बहादुर के.सी.
नि. महानिर्देशक
नि. महानिर्देशक

बोधार्थ:
**श्री सामाजिक विकास डिभिजन कार्यालयहरु सबै:** सम्बन्धित जिल्ला भित्रका क्याम्पसहरुलाई सूचना प्रवाह गरी कार्यान्वयन गर्नु हुन र एक मुष्ट विवरण तयार गरी प्रमाणित प्रति तथा विद्युतीय (Excel) प्रति समेत यस निर्देशनालयमा पठाइदिनुहुन ।

सम्पर्क:
१. बाँके र बर्दिया जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, नेपालगञ्ज, बाँके - सम्पर्क नं ९८५८०८०२८१
२. दाङ र रुकुम पूर्व जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तुलसीपुर, दाङ - सम्पर्क नं ९८५७८२५२४६
३. प्युठान र रोल्पा जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, विजुवार, प्युठान - सम्पर्क नं ९८५७८६०१४३
४. कपिलवस्तु र अर्घाखाँची जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तौलिहवा, कपिलवस्तु - सम्पर्क नं ९८५७०५००१३/१४
५. पाल्पा र गुल्मी जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तानसेन, पाल्पा - सम्पर्क नं ९८५७०७७६२०
६. रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, भैरहवा, रुपन्देहीं - सम्पर्क नं ९८५७०३७९५५